# स्थानीय राजपत्र

**गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित**

खण्डः ८) काठमाडौँ, कातिक२४गते, २०८१ साल संख्याः ६


## भाग २

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गोकर्णेश्वर नगरपालिकाको रात्रिकालीन होटल तथा मनोरञ्जनात्मक व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड, २०८१

मूल्य रु : १०/-

# गोकर्णेश्वर नगरपालिकाको रात्रिकालीन होटल तथा मनोरञ्जनात्मक व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड, २०८१

## प्रस्तावना:

गोकर्णेश्वर नगरपालिकामा रात्रिकालीन होटल तथा मनोरञ्जनात्मक व्यवसायलाई समय सान्दर्भिक रूपमा व्यवस्थित तथा मर्यादित व्यवसायको रूपमा विकास गर्दै व्यवसायसँग अन्तर सम्बन्धित क्रियाकलाप र संलग्न हुने सञ्चालक, श्रमजीवी, कर्मचारी तथा कामदार, सेवाग्राही तथा सरोकारवाला निकायको भूमिका एवम कार्यलाई मापदण्ड निर्धारण गरी जिम्मेवार बनाउन व्यवसायको अनुगमन तथा नियमन गर्न वाञ्छनीय भएकोले, प्रचलित कानूनमा भएका व्यवस्था कार्यान्वयनका लागि गोकर्णेश्वर नगरपालिकाले यो मापदण्ड बनाएको छ ।

**१. संक्षिप्त नाम प्रारम्भ र विस्तार:**

१) यस मापदण्डको नाम **“रात्रिकालिन होटल तथा मनोरञ्जनात्मक व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड, २०८१”** रहेको छ ।

२) यो मापदण्ड गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ

३) यो मापदण्ड गोकर्णेश्वर नगरपालिका भर लागु हुनेछ ।

**२ परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्ड,

क) ***“कार्यस्थल”*** भन्नाले श्रमजीवी कर्मचारी तथा कामदारले काम गर्ने होटल, रेस्टुरेन्ट, मसाज

पार्लर जस्ता मनोरञ्जनात्मक व्यवसाय गर्ने स्थललाई सम्झनु पर्छ ।

ख) ***"पालिका"*** भन्नाले गोकर्णेश्वर नगरपालिका सम्झनु पर्छ ।

ग) ***"मसाज पार्लर"*** भन्नाले शुल्क लिई वा नलिई मालिस सेवा प्रदान गर्ने स्थललाई सम्झनु पर्छ र सो शब्दले रेस्टुरेन्टहरुले प्रदान गर्ने गरेको मसाज सेवालाई समेत जनाउँछ ।

घ) ***"श्रमजीवी"*** भन्नाले पारिश्रमिक लिई वा नलिई पूरा वा आंशिक समयमा होटल, रेस्टुरेन्ट, मसाज पार्लरजस्ता रात्रिकालीन मनोरञ्जनात्मक व्यवसायमा काम गर्ने कर्मचारी तथा कामदार लाई जनाउँछ ।

ङ) ***"रेस्टुरेन्ट"*** भन्नाले डान्स रेष्टुरेन्ट, डान्सबार वा क्याविन रेस्टुरेन्टलाई सम्झनु पर्छ र सो शब्दले दोहोरीसाँझ समेतलाई जनाउँछ।

च) ***"व्यवसायी"*** भन्नाले होटल, रेस्टुरेन्ट, मसाज पार्लर आदिको संस्थापक, व्यवस्थापक वा संचालक समेतलाई सम्झनु पर्छ ।

छ) ***"समिति"*** भन्नाले दफा १३ बमोजिमको अनुगमन समिति सम्झनु पर्छ।

ज) ***"सेवाग्राही"*** भन्नाले होटेल,रेस्टुरेन्ट तथा मसाज पार्लरको सेवाप्राप्त गर्ने उद्देश्यले आउने व्यक्तिलाई सम्झनु पर्छ ।

झ) ***"होटेल"*** भन्नाले पाहुनाहरुलाई खाने, बस्ने तथा सुत्ने व्यवस्था भएको पाहुना घरलाई सम्झनु पर्छ।

## ३. व्यवसाय दर्ता भएको हुनुपर्नेः

१) नगरपालिकामा होटल तथा मनोरञ्जनात्मक व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसायको प्रकृति अनुसार प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायमा दर्ता गरी व्यवसाय

सञ्चालन अनुमति लिएर मात्र व्यवसाय सञ्चालन गर्नुपर्नेछ र त्यस्तो व्यवसाय सञ्चालनको जानकारी नगरपालिकालाई दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम व्यवसायीले अनुमति प्राप्त गरेको उद्देश्य बाहेकका अन्य व्यवसाय सञ्चालन गर्न पाइने छैन ।

३) उपदफा(१)बमोजिम व्यवसाय संचालन गर्ने व्यवसायीले प्रचलित कानुनले तोकेका कार्यका अतिरिक्त देहायका कार्यको परिपालना गर्नुपर्नेछ।

क) व्यवसाय सम्बन्धित निकायमा तोकिएको समयमा नविकरण गर्ने,

ख) प्रचलित कानुन बमोजिम व्यवसायको प्यान/भ्याट मा दर्ता गर्ने,

ग) प्रचलित कानून बमोजिम लाग्ने कर तथा राजश्च तोकिएको समयमा बुझाउने,

घ) प्रचलितकानूनलाई पूर्ण रूपमा परिपालना गर्ने ।

## ४) रात्रीकालिन समय निर्धारण र अनुमति प्रदान गर्नेः

१) व्यवसायीले रात्रिकालीन व्यवसाय संचालन गर्दा समितिको सिफारिसमा नगरपालिकाले तोकेको समयमा मात्र संचालन गर्नुपर्नेछ ।

२) कुनै पनि व्यवसायीले नगरपालिकाले तोकेको रात्रिकालिन समयमा व्यवसाय संचालन गर्नुपर्दा यस नगरपालिकाको कार्यालयमा आवश्यक कागजात संलग्न गरी निवेदन दिनुपर्दछ ।

३) दफा २ बमोजिम निबेदन प्राप्त भएपछि मापदण्ड पुरा भए नभएको सन्दर्भमा अनुसूची २ मा उल्लेखित सूचकहरुको आधारमा स्थलगत रुपमा अनुगमन गरी कुनै व्यवसाय वा एकै प्रकृतिका व्यवसाय भएका कुनै क्षेत्रलाई अनुगमन

प्रतिवेदनका आधारमा नगरपालिकाले रात्रीकालिन व्यवसाय सञ्चालन गर्न अनुमति दिनसक्नेछ र सोको अभिलेख नगरपालिकाको कार्यालयमा रहने छ ।

**५ सेवाको उपलब्धता सम्बन्धी व्यवस्थाः**

रात्रिकालीन मनोरञ्जनात्मक व्यवसाय सार्वजनिक सदाचार र नैतिकता को आधारभूत मूल्य र मान्यता प्रतिकूल नहुने गरी सञ्चालन गर्नुपर्नेछ र त्यस्ता व्यवसाय सञ्चालन गर्दा प्रचलित कानूनमा तोकिएका व्यवस्थाको अतिरिक्त देहायका शर्तको पालना गर्नुपर्नेछः-

क) सेवाप्रदायक र सेवाग्राहीले पालना गर्नुपर्ने जिम्मेवारी तथा दायित्व सबैले देख्न र पढ्न सक्ने गरी सूचना पाटीमा राख्नु पर्नेछ ।

ख) कलाकारहरूले गायन तथा नृत्य प्रदर्शन गर्दा मौलिकता,संस्कृति झल्कने तथा सीपमूलक नृत्य प्रदर्शन गर्नुपर्नेछ र डान्सबार तथा नृत्य मनोरज्जन हुने स्थानमा अश्लिलता प्रदर्शन नहुने गरी स्वस्थ मनोरञ्जन दिने गरी गायन तथा नृत्य प्रदर्शन गर्ने व्यवस्था मिलाउनु पर्नेछ साथै छर छिमेकमा हल्ला नहुने गरी साउण्ड प्रुफ(ध्वनी) नियन्त्रण को व्यवस्था गर्नुपर्नेछ ।

ग) डान्स रेष्टुरेन्ट एण्ड बारलाइभ'व्याण्ड, लाउन्ज बार, पव बार, क्लव र डिस्कोथेक जस्ता व्यवसाय मा अठार वर्ष मुनिका बालबालिकाहरू लाई ग्राहकको रूपमा प्रवेश गराउन पाइनेछैन ।

घ) सूर्ती तथा मदिराजन्य पदार्थ सेवन नगर्ने व्यक्तिलाई असर नपर्ने स्थानमा धुम्रपान तथा सूर्ति सेवन गर्ने प्रयोजनका लागि छुट्टै क्षेत्र तोक्नु पर्नेछ ।

ङ) सेवा लिए पश्चात् व्यवसाय स्थलबाट घरसम्म पुर्‍याइदिन सेवाग्राहीले अनुरोध गरेमा व्यवसायीले

सःशुल्क सवारी साधनको व्यवस्था गरेको हुनुपर्नेछ,

च) सवारी साधन आवत जावतमा अवरोध नहुने गरी ग्राहकको संख्याको आधारमा पार्किङ तथा सहज आवागमनको व्यवस्था मिलाउनु पर्नेछ ।

६ **व्यवसायीको कर्मचरीप्रतिको दायित्वः**

व्यवसायीले आफ्नो व्यवसाय संचालनका लागि नियुक्त कर्मचारी तथा कामदारलाई काममा लगाउदा प्रचलित कानुनमा तोकिएको व्यवस्थाको अतिरिक्त देहायको दायित्व तथा कार्यको पालना गर्नुपर्नेछः-

क) आवश्यक पर्ने कर्मचारी तथा कामदारहरुलाई नियुक्ति पत्र दिएर मात्र काममा लगाउने,

ख) कानूनले निषेध गरेको बालश्रमिकको प्रयोग नगर्ने सुनिश्चितता गर्ने,

ग) नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक नघट्ने गरी कर्मचारी तथा कामदारको योग्यता, क्षमता र पद अनुसार मासिक तलब तथा सेवा सुविधाको व्यवस्था गर्ने साथै जोखिमपूर्ण काम भएमा जोखिम बिमाको समेत व्यवस्था मिलाउने,

घ) अतिरिक्त समयमा काम लगाउनुपर्दा समयावधिका आधारमा अतिरिक्त सुविधा दिने,

ङ) तलब भत्ता तथा अन्य आर्थिक सुबिधा बैंकिंग प्रणाली मार्फत उपलब्ध गराउने,

च) कर्मचारीलाई आलोपालो वा सिफ्टको व्यवस्था गरी काममा लगाउने,

छ) कर्मचारी तथा कामदारले पालना गर्नुपर्ने आचारण निर्धारण गरी सोको पालना गर्ने व्यवस्थामिलाउने,

ज) कर्मचारी र कामदारको लागि परिचय पत्र तथा कार्य प्रकृति अनुसार उपयुक्त पोशाकको व्यवस्था गर्ने,

झ) कर्मचारी तथा कामदारको लागि रातीमा काममा लगाउनुपर्दा घरबाट आउन जान ट्रान्सपोर्ट ( Pick up / Drop)र रातीको खानाको व्यवस्था गर्ने,

ञ) समान कामको लागि समान पारिश्रमिक प्रदान गर्ने सुनिश्चितता गर्ने,

ट) कर्मचारीको लागि बिदाको व्यवस्था गर्ने,

ठ) कार्यस्थलमा यौन शोषण, यौनजन्य हिंसा, लैंगिक हिंसा र दुर्व्यवहार नहुने वातावरण निर्माण भएको हुनुपर्ने,

ड) कर्मचारी तथा कामदारको गुनासो सुन्ने र त्यसको उचित सम्बोधन हुने व्यवस्था गर्ने,

## ७. सरसफाई तथा स्वास्थ्य जोखिम न्यूनिकरण सम्बन्धी व्यवस्थाः

१) सरसफाई सम्बन्धी व्यवस्थाः
व्यवसायीले व्यवसाय सञ्चालन गरेको स्थलमा प्रचलित कानूनले तोकेका सरसफाई सम्बन्धी मापदण्डका अतिरिक्त देहायका कार्य समेत गर्नुपर्नेछः

क) विभिन्न समयमा जारी भएका स्वास्थ्य मापदण्ड पालना हुने सुनिश्चितताको व्यवस्था गर्ने,

ख) महिला पुरुषको लागि अलग-अलग लैङ्गिक मैत्री शौचालयको व्यवस्था गर्ने,

ग) ग्राहक कक्ष तथा भान्सामा झ्याल ढोका तथा भेन्टिलेसनको व्यवस्था भएको हुनुपर्ने,

घ) फोहरमैलाको उचित व्यवस्थापन गर्ने व्यवस्था मिलाउने,

ङ) निर्मलीकरणको लागि उपकरण प्रयोग तथा त्यसलाई चालु अवस्थामा राख्ने प्रबन्ध मिलाउने,

च) स्टेजको नियमित सरसफाईको प्रबन्ध गर्नुपर्ने,

छ) रुमाल लगायतका कपडाहरुको उचित सरसफाई गरिएको हुनुपर्ने,

ज) खाने परिकारहरू गुणस्तरीय, स्वच्छ, सफा र ताजा हुनुपर्नेछ।

२) स्वास्थ्य जोखिम न्यूनिकरण सम्बन्धी व्यवस्थाः

व्यवसाय सञ्चालन गर्ने व्यवसायीले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा स्थानीय प्रशासनलेनिर्धारण गरेका स्वास्थ्य मापदण्डको पालना गरी स्वास्थ्य जोखिम न्यूनीकरणमा सहयोग गर्नुपर्नेछ । व्यवसायीलेव्यवसाय सञ्चालन गर्दा देहाय बमोजिम समयपालना र स्वास्थ्यसुरक्षाका मापदण्डको पालना गर्नुपर्नेछः-

क) कुनै संक्रमण, महामारी वा सरकारले नियन्त्रण गरेको विशेष अवस्थामाव्यवसायको प्रकृति, व्यवसायीको चाहना र तत्परता, ग्राहकको सङ्ख्या, सुरक्षा संवेदनशीलता रस्थानीय परिवेश लगायतको विषयमा व्यवसायीसँगको छलफलका आधारमा नगरपालिकाले निर्धारण गरेको समयमा मात्र व्यवसाय सञ्चालन गर्ने,

ख) तोकिएका स्वास्थ्य मापदण्ड तथा भौतिक दुरी सम्बन्धी व्यवस्थाको अनिवार्य पालना गर्ने गराउने,

## ८. सुरक्षा सम्बन्धी व्यवस्थाः

व्यवसायीले व्यवसाय संचालन गर्दा देहायका सुरक्षासंग सम्बन्धित कार्यको व्यवस्था गर्नु गराउनु पर्नेछः-

क) कम्तीमा ३० दिनको रेकर्डराख्ने व्यवस्थासहित कार्यस्थलको (Entry & Exit) प्रवेशद्वार र आसपासको सडक क्षेत्रसम्मको पहुँच हुने गरी सि.सि.टि.भि, को व्यवस्था गरिएको हुनुपर्ने।

ख) व्यवसाय स्थल परिसर भित्र वरपर सडक क्षेत्रमा सवारी साधनको हर्न बजाउन नपाइने साथै Sound Control System जडान गरी ध्वनि प्रदुषण नियन्त्रण गर्न उचित व्यवस्था भएको

हुनुपर्ने,

ग) Live Music, Pub Dance club, Disco, दोहोरी आदिमा प्रयोग हुने उपकरणहरूलाई Sound Proof गर्ने उपाय अवलम्वन गरी ध्वनि प्रदुषण तथा होहल्ला नहुने व्यवस्था मिलाउने,

घ) व्यवसाय स्थल परिसरभित्र तथा आगमन र प्रस्थान हुने कम्तीमा १०० मिटरसम्मको सडक र आसपासका क्षेत्रहरुमा आवश्यक मात्रामा बत्तीको व्यवस्था मिलाई आवतजावत गर्न सजिलो हुने प्रबन्ध मिलाएको हुनुपर्ने,

ङ) व्यवसायको नाम र ठेगाना उल्लेख गरी सजिलै देख्न सकिने ठाउँमा Digital Display Board मा राख्ने,

च) आवश्यकता अनुसार अग्नि नियन्त्रण (Fire Extinguishe) सामग्रीको व्यवस्था गरेको हुनुपर्ने,

छ) अन्तरिक सुरक्षाको लागि परिचय पत्रसहितको सुरक्षा गर्दको व्यवस्था मिलाएको हुनुपर्ने,

ज) आपत परेको अवस्थामा आपतकालीन द्वार प्रयोग गरी सहज तरिकाले बाहिर आउने प्रबन्ध मिलाएको हुनुपर्ने,

झ) कर्मचारी, कामदार तथा सेवाग्राहीको नियमित अभिलेख राख्ने व्यवस्था मिलाउने,

ञ) स्टेज अगाडी भिडभाड नहुने गरी व्यवस्थापन गर्ने,

ट) छिमेकी एवम् आसपासको समुदायलाई कुनै प्रभाव नपर्ने र गुनासो नआउने गरी व्यवसाय संचालन गर्ने

ठ) नजिकको सुरक्षा निकाय संग सम्पर्क र समन्वय गरी आवश्यक परेका बखत सहयोग लिन सक्ने प्रबन्ध मिलाउने,

ङ) प्रचलित कानुनमा भएका व्यवस्था परिपालना गरी सार्वजनिक नैतिकता र शान्ति सुरक्षालाई सकारात्मक टेवा पुग्ने गरी व्यवसाय सञ्चालन गर्नुपर्ने,

ढ) विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था गर्नुपर्ने ।

## ९. व्यवसायी श्रमजीवी महिला प्रतिको दायित्व र आचार संहिताको पालनाः

व्यवसायीले कार्यस्थलमा श्रमजीवी महिलामाथि यौन उत्पीडन, यौन शोषण र अमर्यादित व्यवहार सम्बन्धमा हुने अनुसूची १ बमोजिमका कार्य रोकी तथा रोक्न लगाई आचार संहिताको पालना गर्नु गराउनु पर्नेछ । व्यवसाय सञ्चालन गर्दा व्यवसायीको श्रमजीवी महिला प्रतिको दायित्व देहाय बमोजिम हुनेछः-

क) सेवाग्राहीबाट श्रमजीवी महिलालाई यौन उत्पीडन, यौन शोषण र उनीहरूको मर्यादामा आँचपुग्ने काम कारवाही गरेमा वा गर्न लगाएमा त्यसबाट सुरक्षा प्रदान गर्ने गराउने,

ख) श्रमजीवी महिलाको सुरक्षाको यथोचित प्रबन्ध गर्ने गराउने,

ग) श्रमजीवी महिलाको लागि सुरक्षित कोठामा बच्चालाई स्तनपानको व्यवस्था गर्ने,

घ) श्रमजीवी महिलाको लागि सुरक्षित पोशाक परिवर्तन कक्षको व्यवस्था गर्ने,

ङ) श्रमजीवी महिला कर्मचारीले गरेको गुनासोको तत्काल समाधान गर्ने गराउने,

च) रेष्टुरेन्ट, मसाज पार्लर, डान्सवार वा दोहोरी आदिमा कुनै सेवाग्राहीले प्रचलित कानून बमोजिम गर्न नहुने कार्य गरेमा त्यस्तो सेवाग्राहीबाट श्रमजीवी महिलालाई बचाउन वा निजलाई त्यस्तो स्थानबाट निकाल्न सुरक्षा गार्डको व्यवस्था गर्नुपर्ने, र

छ) व्यवसाय संचालकले प्रचलित श्रम सम्बन्धी कानुन तथा अन्य कानुनको पालना गर्नु गराउनु पर्नेछ,

## १०. सेवाग्रहिले पालना गर्नुपर्ने आचरणः

सेवाग्राहीको रुपमा संलग्न हुने व्यक्तिले देहायका आचरण पालना गर्नुपर्नेछः-

क) श्रमजीवी कर्मचारी तथा कामदारहरु प्रति सम्मान जनक व्यवहार गर्ने,

ख) मादक पदार्थ सेवन गरी हुहल्ला गर्न एवम अवद्र व्यवहार गर्नु हुदैन,

ग) यौन उत्पीडनयौन शोषण तथा अमर्यादित व्यवहार गर्न वा गर्न लगाउने वा सोको दुरुत्साहन दिनुहुँदैन र

घ) कानूनले निषेधित गरेको अन्य कार्य गर्न नहुने ।

## ११. कर्मचारी तथा कामदारले पालना गर्नुपर्ने आचरणः

व्यवसाय संचालनको लागि नियुक्तकर्मचारी तथा कामदारले व्यवसायीक कार्यमा संलग्न हुदा देहायको आचरणको पालना गर्नुपर्नेछ :-

क) व्यवसायलाई मर्यादित र व्यवस्थित रुपमा संचालन गर्नको लागि व्यवसाय सञ्चालकलाई सहयोग पुयाउने,

ख) व्यवसाय सञ्चालकबाट निर्धारण गरिएको पोशाक तथा उपलब्ध गराएको परिचय पत्र लगाउने,

ग) सेवाग्राहीहरूसँग शिष्ट र मर्यादित व्यवहार प्रदर्शन गर्ने,

घ) आफ्नो कार्य समयमा मादक पदार्थ सेवन गर्ने तथा सेवाग्राहीसंगै बस्न तथा खान नहुने,

ङ) एक आपसमा आवश्यक परेको बेलामा सहयोगको भाव राख्ने,

च) उत्तेजक पोशाक लगाई नृत्य गर्न, गीत गाउन नहुने,

छ) व्यवसाय सञ्चालकसंग आफ्ना गुनासोहरु मर्यादित,शिष्ट र सभ्य तरिकाबाट राख्ने तथा सामुहिक सौदावाजीको माध्यमबाट गुनासो व्यवस्थापनमा व्यवसायीलाई सहयोग गर्ने, र

ज) प्रचलित श्रम तथा अन्य कानूनमा भएका व्यवस्था पालना गर्ने।

**१२. अन्य व्यवस्थाः व्यवसायीले व्यवसाय संचालन गर्दा देहायका व्यवसायीक कार्य समेत पालना गर्नुपर्नेछः**

क) प्रदान गर्ने सेवाको विवरण र सोको मुल्यसूची अनिवार्य रुपमा सबैले देख्ने स्थानमा राख्नुपर्ने,

ख) सञ्चालन गरेको व्यवसायको प्रमाणपत्रहरू सबैले देख्ने ठाउँमा राख्नुपर्ने,

ग) समय समयमा कर्मचारी तथा कामदारलाई कामको सम्बन्धमा तालिम तथा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

घ) व्यवसाय सञ्चालनका सम्बन्धमा समुदाय स्तरमा कुनै विवाद नआउने गरी सञ्चालन गर्ने वातावरण बनाउने,

**१३. अनुगमन समिति सम्बन्धी व्यवस्थाः**

१) यस मापदण्ड पालना भएनभएको विषयमा निरिक्षण तथा अनुगमन गर्न गराउन देहायको एक नगरस्तरीय अनुगमन समिति रहनेछः-

| | |
|---|---|
| क) नगर उप-प्रमुख, गो.न.पा | संयोजक |
| ख) प्रमुख.प्रशासकीय.अधिकृत गो.न.पा | सदस्य |
| ग) सम्बन्धित वडा अध्यक्ष | सदस्य |
| घ) अधिकृत वा प्रहरी प्रतिनिधि बौद्ध,प्रहरी वृत्त | सदस्य |
| ङ)नगर प्रहरी प्रमुख | सदस्य |
| च) सम्बन्धित क्षेत्रको होटल व्यवसायीको प्रतिनिधि | सदस्य |

छ) सम्बन्धित क्षेत्रको उद्योग वाणिज्य संघको प्रतिनिधि सदस्य
ज) आर्थिक विकास शाखा प्रमुख, गो.न.पा सदस्य सचिव

२) समितिको बैठक तथा अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

३) यस मापदण्डमा अन्यत्र उल्लेख भएका अनुगमन समितिका काम, कर्तव्य र अधिकारका अतिरिक्त अनुगमन समितिका अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

क) समिति समक्ष परेको उजुरीको छानबीन गर्ने,

ख) व्यवसाय सञ्चालन भएको ठाउँमा यस मापदण्ड र प्रचलित कानून विपरित काम भए नभएको अनुगमन गर्ने गराउने,

ग) संचालित व्यवसायहरुको समय-समयमा आकस्मिक निरिक्षण गर्ने र त्यसरी निरिक्षण गर्दा यस मापदण्डको प्रतिकूल काम भैरहेको वा हुन लागेको वा हुनसक्ने आशंकाको विद्यमानता देखिएमा तत्काल त्यस्ता कार्यहरू नियन्त्रण गरी आवश्यक कारवाही प्रक्रिया सुरु गर्ने,

घ) श्रमजीवी महिला कार्यरत रहेको स्थानलाई थप व्यवस्थित र मर्यादित बनाउन आवश्यक निर्देशन दिने र त्यस्तो निर्देशनको पालना गर्नु सम्पूर्ण व्यवसायीको कर्तव्य हुनेछ,

ङ) व्यवसायमा 'कानून 'विपरितका कार्य भएको देखेमा वा तत्सम्बन्धमा कुनै उजुरी परेमा सो सम्बन्धमा आवश्यक छानविन एवम् कारवाहीको लागि सम्बन्धित निकायमा पठाउने,

## १४. उजुरी एवम् कारवाहीः

१) यस मापदण्ड बमोजिम उल्लेखित निषेधित कार्यबाट कुनै श्रमजीवी पीडित भएमावा पीडित हुने आशंका भएमा पीडित आफैले वा सोको बारेमा जानकारी प्राप्त गर्ने जोसुकैले दफा १३ बमोजिमको समिति समक्ष वा नजिकको प्रहरी कार्यालयमा आफूले देखे सुने जानेको सम्पूर्ण कुरा खुलाई उजुरी दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम प्रहरी कार्यालयमा उजुरी परेमा सम्बन्धित प्रहरी कार्यालयले तत्काल पिडितको स्वास्थ्य एवम् सुरक्षाको प्रबन्ध गरी प्राप्त उजुरी उपर आवश्यक कारवाही अगाडी बढाउनु पर्नेछ।

३) उपदफा (१) बमोजिम उजुरीको कारवाही गोप्य हुनेछ र कुनै तथ्य प्रकाशन गर्नु परेमा अनुगमन समितिको अनुमतिमा परिवर्तित नामबाट मात्र प्रकाशित गर्नुपर्नेछ ।

४) यस दफा बमोजिम उजुरी उपर छानविन गर्दा कर्मचारी वा कामदार उपर गर्न नहुने काम गरेको पाइएमा त्यस्तो कार्य रोक्न व्यवसायीलाई आवश्यक निर्देशन दिन सकिनेछ र त्यसरी दिईएको निर्देशन पालना गर्नु सम्बन्धित व्यवसायीको कर्तब्य हुनेछ ।

## १५. उपसमिति गठन गर्न सक्नेः

समितिले यस मापदण्डको पालना गराउने तथा उजुरी छानविन गर्ने प्रयोजनका लागि आवश्यकतानुसार समितिका सदस्यहरुमध्येबाट उप समिती गठन गर्न सक्नेछ र त्यस्तो उप समितिको कार्य क्षेत्रगत शर्त समितिले तोके बमोजिम हुनेछ ।

**१६. अधिकार प्रत्यायोजन गर्न सक्ने :-**

समितिले आफूलाई प्राप्त अधिकार समितिको कुनै सदस्य वा उपसमिति बनाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. अनुगमन गर्नुपर्नेः**

समितिले अनुगमन गर्दा अनुसूची २ बमोजिमको सूचक सहितको फारम प्रयोग गर्नुपर्नेछ र त्यसको अभिलेख राख्नु पर्नेछ ।

**१८ .निर्देशन दिन सक्नेः**

नगर प्रमुखले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**१९. प्रचलित कानुन बमोजिम हुनेः**

यो मापदण्डमा व्यवस्था गरिएका विषयको हकमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**२०. कारवाहीमा असर नपर्नेः**

यो मापदण्डमा लेखिएको कुराहरुले पिडित पक्षले प्रचलित कानुन बमोजिम कारवाही चलाउन पाउने कुरामा असर पार्ने छैन ।

**२१. बचाउः**

यो मापदण्ड प्रारम्भ हुनुपूर्व अनुगमन सम्बन्धी भए गरेका काम कार्वाहिहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १

*(दफा ९ सँग सम्बन्धित)*

**आचार संहिताको पालना**

१. कार्यस्थलमा देहायको काम कारवाही गरेमा वा गर्न लगाएमा श्रमजीवी महिलालाई यौन उत्पीडन भएको मानिनेछ ।

१.१ शारीरिक सम्बन्धको लागि प्रस्ताव वा माग गर्नु,

१.२ यौन एवं उत्तेजक भाषा तथा उत्तेजक नृत्य गितको प्रयोग गर्नु,

१.३ श्रमजीवी महिलाहरुले देख्ने गरी अश्लिल साहित्य, पोष्टर, पर्चा पम्पलेट आदि राख्नु, टाँस्नु, प्रदर्शन गर्नु गराउनु,

१.४ यौन सम्बन्धी छेडखानी गर्नु,

१.५ शारीरिक या मौखिक रुपमा यौन सम्बन्धी आचरण प्रस्तुत गर्नु,

१.६ उत्तेजक पोषाक लगाई नृत्य गर्न, गित गाउन बाध्यपरेमा ।

२. कार्यस्थलमा देहायको काम कारवाही गरेमा वा गर्न लगाएमा यौन शोषण गरको मानिनेछ।

२.१ आर्थिक प्रलोभन दिई वा नदिई कसैसँग यौन सम्बन्धस्थापित गर्न बाध्य पार्ने वा पर्न लगाएमा ,

२.२ श्रमजीवी महिलाहरुलाई थप आर्थिक सुबिधा, पदोन्नति दिने दिलाउने भनि लालचामा पारी वा आश्वासन दिई यौन सम्बन्ध कायम राख्न वा राख्न लगाएमा

२.३ शुल्क र रकमको प्रयोग गरी श्रमजीवी महिलासंग यौन सम्बन्ध राखेमा वा राख्ने प्रयत्न गरेमा,

२.४ यौन सम्बन्ध राख्ने वा नराख्ने जुनसुकै उद्देश्यले श्रमजीवी महिलाको कुनै पनि अङ्ग स्पर्श गरेमा वा आफ्नो अंग स्पर्श गर्न लगाएमा,

२.५ मदिरा वा त्यस्तै प्रकारका पदार्थको सेवन गरी गराई यौन उत्पीडन, यौन शोषण तथा अमर्यादित व्यवाहार गरेमा वा गर्न लगाएमा,

२.६ इच्छा विपरीत बाध्यतामा परी यौन सम्बन्ध राखेमा

३ .कार्यस्थलमा महिला श्रमजिविहरु प्रति उनीहरुको मर्यादामा आच पुग्ने देहायको काम कारवाही गरे गराएमा अमर्यादित व्यवाहार भएको मानिनेछ ।

३.१ सेवाग्राहीसंग बसी मदिरा लगायतका लागु पदार्थ सेवन गर्ने गराउने,

३.२ श्रमजीवी महिलाहरुलाई कार्यस्थलमा सेवाग्राहीसंग बसी धुम्रपान गर्न लगाउने,

३.३ अश्लिल एवम यौन अर्थ दिने शब्दबाट सम्बोधन गर्ने गराउने,

३.४ आफु आफुमा महिलाले सुन्ने वा सुनाउने उद्देश्यले यौन सम्बन्धी हसी मजाक गर्न गराउन तथा महिला संग सो उद्देश्यले हसी मजाक गर्न, गर्ने प्रयत्न गर्ने गराउने,

३.५ श्रमजीवी महिलाको शरीर वा नग्न प्रदर्शन गर्न लगाउन वा प्रदर्शन गर्न बाध्य पर्ने।

अनुसूची २

*(दफा १७ सँग सम्बन्धित)*

# अनुगमन सूचक सहितको फाराम

व्यवसायको नाम :
ठेगाना :
सञ्चालकको नाम :
व्यवसायको दर्ता मिति :
स्थायी लेखा नंः
दर्ता जारी गर्ने निकाय :
इजाजतको किसिमः

**व्यवसाय दर्ता सम्बन्धमाः**

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसायको प्रकृति अनुसार सम्बन्धित निकायमा दर्ता भए/नभएको | | | |
| २ | सम्बन्धित निकायबाट अनुमति लिए/नलिएको | | | |
| ३ | नगरपालिकालाई व्यवसाय सञ्चालनको जानकारी दिए/ नदिएको | | | |
| ४ | व्यवसाय नियमानुसार नवीकरण भए/नभएको | | | |
| ५ | व्यवसायको प्यान/भ्याट मा दर्ता भए/नभएको | | | |
| ६ | कुनै किसिमको राजश्व तिर्न बाँकी भए/नभएको | | | |
| ७ | व्यवसाय संचालनको लागि तोकिएको उद्देश्य भन्दा अलग प्रकृतिको व्यवसाय सञ्चालन गरे/नगरेको | | | |

**व्यवसाय संचालनको समय र अनुमती सम्बन्धी व्यवस्थाः**

| क.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | नगरपालिकालाई निर्धारण गरेको समयमा व्यवसाय सञ्चालन गरे/नगरेको | | | |
| २ | नगरपालिकाले जारी गरेका स्वास्थ्य मापदण्ड सम्बन्धी व्यवस्थाको पालना गरे/नगरेको | | | |

**सेवा उपलब्धताको व्यवस्था :**

| क.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | सेवा प्रदायक र सेवाग्राहीले पालना गर्नुपर्ने दायित्व सूचना पाटीमा सबैले सजिलै देख्न र पढन सक्ने गरी राखे/नराखेको । | | | |
| २ | कलाकारहरुले गाउने तथा नृत्य कलाकारिता प्रदर्शन गर्दा मौलिक, संस्कृति झल्कने तथा सीपमूलक नृत्य प्रदर्शन गर्ने व्यवस्था | | | |
| ३ | डान्सवार तथा नृत्य मनोरञ्जन हुने स्थानमा अश्लिलता प्रदर्शन नहुने गरी स्वस्थ मनोरञ्जन दिने गरी गायन तथा नृत्यप्रदर्शन गर्ने व्यवस्था मिलाए/नमिलाएको | | | |
| ४ | डान्स रेष्टुरेन्ट एण्डबार, लाइभ व्याण्ड, लाउन्ज बार, पवबार, क्लव, र डिस्कोथेक जस्ता व्यवसायमा १८ वर्ष मुनिका बालबालिकाहरुलाई ग्राहकको रुपमा प्रवेश गराएको/नगराएको | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | १८ वर्ष नपुगेका ग्राहकलाई सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री गर्ने गरे/नगरेको | | | |
| ६ | धुम्रपान तथा सूर्ति सेवन नगर्ने व्यक्तिलाई असर नपर्ने स्थानमा धुम्रपान तथा सूर्ति सेवन गर्ने प्रयोजनका लागि छुट्टै क्षेत्र तोकेको/नतोकेको | | | |
| ७ | सेवा लिए पश्चात् व्यवसाय स्थलबाट घरसम्म पुर्याईदिन ग्राहकले अनुरोध गरेमा व्यवसायीसंग स-शुल्क सवारी साधनको व्यवस्था गरिएको/नगरिएका | | | |
| ८ | सवारी साधन आवत जावतमा अवरोध नहुने गरी ग्राहकको संख्याको आधारमा पार्किङ तथा सहज आवागमनको व्यवस्था मिलाएको/नमिलाएको | | | |

## कर्मचारी सम्बन्धी विवरण

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मचारीहरुलाई नियुक्ति पत्र दिए/नदिएको | | | |
| २ | नेपाल सरकारवाट तोकिएको समय भन्दा बढी काम लगाए/नलगाएको | | | |
| ३ | अतिरिक्त समय काम गर्नु पर्दा अतिरिक्त सुविधा दिए/नदिएको | | | |
| ४ | नेपाल सरकारले तोकेको न्यूनतम तलब उपलब्ध गराए/ नगराएको | | | |
| ५ | तलब सुविधा नियमित रुपमा उपलब्ध गराए/नगराएको | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | तलब सुविधा उपलब्ध गराउँदा बैंकिङ्ग प्रणाली प्रयोग भए/नभएको | | | |
| ७ | कर्मचारी कामदारको जोखिम विमाको व्यवस्था गरे/नगरेको | | | |
| ८ | समान कामको लागि समान पारिश्रमिक प्रदान गरे/नगरेको | | | |
| ९ | कर्मचारीको लागि विदाको व्यवस्था भए/नभएको | | | |

**पेशागत आचरण सम्बन्धी विवरण :**

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मचारीको लागि कार्य प्रकृति अनुसार पोशाकको व्यवस्था भए/नभएको | | | |
| २ | कर्मचारीको लागि रातीमा काममा लगाउनुपर्दा घरबाट आउन जान ट्रान्सपोर्ट( Pick up / Drop ) को व्यवस्था भए/नभएको | | | |
| ३ | रातीमा काम लगाएका कर्मचारीलाई रातको खानाको व्यवस्था भए/नभएका | | | |
| ४ | महिला कर्मचारी तथा कामदारको बालबालिकालाई स्तनपान गराउने कक्षको व्यवस्था भए/नभएका | | | |
| ५ | महिला कर्मचारीको लागि सुरक्षित पोशाक परिवर्तन कक्ष (Changing room) को व्यवस्था भए/नभएको | | | |

## सरसफाई सम्बन्धमा :

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मचारी तथा कामदारले स्वास्थ्य मापदण्ड पालना गरे/नगरेको | | | |
| २ | शौचालयको नियमित सरसफाई गरे/नगरेको | | | |
| ३ | महिला र पुरुषको लागि भिन्दाभिन्दै शौचालय भए/नभएको | | | |
| ४ | भवन परिसरको सरसफाई भए/नभएको | | | |
| ५ | ग्राहक कक्ष तथा भान्सामा झ्यालढोका तथा भेण्टीलेशनको ब्यवस्था भए/नभएको | | | |
| ६ | फोहोरमेलाको उचित व्यवस्थापन भए/नभएको | | | |
| ७ | स्टेजको नियमित सरसफाईको प्रबन्ध भए/नभएका | | | |
| ८ | टेबुल, कुर्ची र रुमाल लगायतका फर्निचर एवं कपडाहरुको उचित सरसफाई भए/नभएको | | | |
| ९ | खाने परिकारहरु गुणस्तरीय, स्वच्छ, सफा र ताजा भए/नभएको | | | |

## सुरक्षा सम्बन्धी :

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | कम्तीमा ३० दिनको रेकर्ड राख्ने व्यवस्था सहितको सि.सि.टि.भि को व्यवस्था भए/नभएको | | | |
| २ | ध्वनि प्रदुषण नियन्त्रण गर्न उचित व्यवस्था गरे/नगरेको | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | Live Music, Pub Dance club, Disco, Dohari आदिमा प्रयोग हुने उपकरणहरुलाई Sound Proof गर्ने उपाय अवलम्वन गरे/नगरेको | | | |
| ४ | व्यवसाय परिसरभित्र तथा आगमन र प्रस्थान हुने कम्तीमा १०० मिटर सम्मको क्षेत्रमा आवश्यक मात्रामा बत्तिको व्यवस्था भए/नभएको | | | |
| ५ | व्यवसायको नाम र ठेगाना उल्लेख गरी सजिलै देख्न सकिने ठाउँमा Digital Display Board भएको /नभएको | | | |
| ६ | अग्नि नियन्त्रण (Fire Extinguisher) सामाग्रीको व्यवस्था गरे/नगरेको | | | |
| ७ | आन्तरिक सुरक्षा व्यवस्था लागि सुरक्षा गार्डको व्यवस्था भए/नभएको | | | |
| ८ | आपतकालिन उद्धारको व्यवस्था भए/नभएको | | | |
| ९ | कर्मचारी कामदार तथा सेवाग्राहीको अभिलेख राख्ने गरे/नगरेको | | | |
| १० | नजिकको सुरक्षा निकायसँग सम्पर्क समन्वय भए/नभएको | | | |

**अन्य व्यवस्थाः**

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | मुल्यसूची राखे/नराखेको | | | |
| २ | व्यवसायीले आफुले सञ्चालन गरेको व्यवसायको प्रमाणपत्रहरु सबैले देख्ने ठाउँमा राखे/नराखेको | | | |
| ३ | समय समयमा कर्मचारी र कामदारलाई कामको सम्बन्धमा तालिम, प्रशिक्षणदिने गरे/नगरेको | | | |
| ४ | व्यवसाय सञ्चालनका सम्बन्धमा समुदायस्तरमा कुनै विवाद भए/नभएको | | | |
| ५ | आचार संहिताको पालना भए/नभएको | | | |
| ६ | विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था भए/नभएको । | | | |

कार्यपालिका वाट स्वीकृत मितिः२०८१।७१४
प्रमाणीकरण मितिः२०८१।७२०
प्रकाशित मिति : २०८१।७२४

आज्ञाले,
यम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत